# आमचोक गाउँपालिकाको
# सहकारी ऋणकोष सञ्चालन कार्यविधि-२०७७

कार्यपालिकावाट स्वीकृत मिति : २०७७/०३/०९

प्रमाणिकरण मिति : २०७७/०३/०९

प्रमाणिकरण गर्ने

याम वहादुर उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

## आमचोक गाउँकार्यपालिकाको कार्यालय
## बालंखा,भोजपुर

# आमचोक गाउँपालिकाको
# सहकारी ऋणकोष संचालन कार्यविधि -२०७७

**कार्यपालिकावाट स्वीकृत मिति :२०७७/०३/१९**

**प्रस्तावनाः** सामाजिक न्यायका आधारमा श्रममैत्री, आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउँदै समाजवाद उन्मुख अर्थतन्त्र तर्फ अग्रसर हुनको लागि ऋण परिचालनको माध्यमवाट सहकारी संस्थाहरुलाई सुलभ व्याजदरमा ऋण लगानी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

आमचोक गाउँपालिकाको "सहकारी ऐन २०७४ को दफा १०१" वमोजिम आमचोक गाउँ कार्यपालिकाले "सहकारी ऋणकोष संचालन कार्यविधि -२०७७" बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "आमचोक गाउँपालिका सहकारी ऋणकोष संचालन कार्यविधि -२०७७" रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "सहकारी संस्था" भन्नाले आमचोक गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा ५ को प्रकृया पुरा गरी दफा ६ को उपदफा (१) (२) र (३) वमोजिम दर्ता भएको सहकारी संस्थाहरुलाई सम्झनु पर्छ ।

(ख) "सहकारी ऋण कोष " भन्नाले कार्यविधिको परिच्छेद -३ को दफा ५ को उपदफा (१) देख (७) सम्मको कोषलाई सम्झनुपर्छ ।

(ग) "विनियम" भन्नाले आमचोक गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा १७ बमोजिम सम्बन्धित सहकारी संस्थाको स्वीकृत विनियम सम्झनुपर्छ ।

(घ) "सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ९ वमोजिम सहकारी संस्थाहरुले माग गरेको ऋण रकमको प्रारम्भिक छानविन गरी ऋण स्वीकृति समिति समक्ष सिफारिस गर्ने समिति सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(च) "ऋण स्वीकृति समिति" भन्नाले दफा १० वमोजिम ऋण स्वीकृति गर्ने समिति सम्झनुपर्छ ।

(छ) "ऋण लगानीको क्षेत्र" कार्यविधिको दफा ४ मा उल्लेख भए वमोजिमको लगानीको क्षेत्र सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले सहकारी संस्थाको संचालक समिति सम्झनुपर्छ ।

(झ) "गाउँपालिका" भन्नाले आमचोक गाउँपालिका सम्झनु पर्छ ।

(ञ) "कार्यपालिका" भन्नाले आमचोक गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ट) "कार्यविधि" भन्नाले आमचोक गाउँपालिका सहकारी ऋणकोष सञ्चालन कार्यविधि २०७७ सम्झनु पर्छ ।

२०।११।२९ प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## ऋण लगानीको उद्धेश्य तथा क्षेत्रहरु

**३.ऋण लगानीको उद्धेश्य :** (१) सुलभ व्याजदरमा ऋण लगानी गरी पुँजीको आवश्यक्ता परिपूर्ती गर्दै श्रममैत्री, आत्मनिर्भर, तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ वनाउनु ऋण लगानीको मुख्य उद्धेश्य हुनेछ ।

(२) कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक उत्थान गर्नु सहकारी संस्थाहरुको उद्धेश्य हुनेछ ।

(३) उपदफा (१) वमोजिमको उद्धेश्य प्राप्तिलाई एकिन गर्नु गाउँपालिकाको दायित्व हुनुका साथै उपदफा (२) वमोजिमको उद्धेश्य प्राप्तिलाई एकिन गर्नु सहकारी संस्थाको दायित्व हुनेछ ।

**४.ऋण लगानीको क्षेत्रहरु :**

(१) सहकारी संस्थाले मुख्यगरी सहकारी ऋणकोषवाट ऋण लिई सदस्यहरुलाई ऋण लगानी गर्नु पर्नेछ । ऋण लगानीको क्षेत्रहरु अनुसुचि -३ मा उल्लेख भए बमोजिम हुनेछन्:-

(२) उपदफा (१) भन्दा वाहेक सहकारी ऋण कोषवाट सहकारी संस्थाहरुको मागको आधारमा स्वयं सहकारी संस्थाहरुले उत्पादनशिल क्षेत्रहरुमा लगानी गर्नको लागि ऋण रकम उपलव्ध गराईने छ ।

(३) उपदफा (२) को उत्पादनशिल क्षेत्रहरु भन्नाले कृषि, पर्यटन, उद्योग, रोजगार र सहकारी संस्थाको विनियम वमोजिमको क्षेत्रहरु पर्दछ ।

(४) उपदफा (३) वमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र ,स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

(५) उपदफा (२) मा उल्लेखित लगानीका क्षेत्रहरु वाहेक पनि स्थानीय वस्तुस्थितीको आधारमा समितिले आवश्यक्ता ठहराय वमोजिम लगानी गर्न वाधा पुगेको मानिने छैन ।

(६) उपदफा (१) बमोजिमको लगानीको जिम्मेवारी सम्झौता पत्र अनुसार सहकारी संस्थाको हुनेछ ।

## परिच्छेद-३

## सहकारी ऋण कोषको श्रोत

**५. सहकारी ऋण कोष :** (१) गाउँपालिकाको विपन्न जन्तासंग सहकारी शिर्षकमा विनियोजित वजेट मध्ये गाउँ कार्यपालिकाले सहकारी ऋण कोषमा विनियोजित वजेट ।

(२) गरिवि निवारण कोष मार्फत हस्तान्तरण भई कार्यविधि वमोजिम सहकारी ऋण कोषमा जम्मा भएको रकम ।

(३) गाउँ सभा वा गाउँ कार्यपालिकाले सो कोषमा जम्मा गर्नु पर्ने भनि निर्णय वमोजिम जम्मा भएको रकम ।

(५) प्रदेश सरकार र राष्ट्रीय सरकारवाट सो सहकारी ऋण कोषलाई उपलव्ध भएको रकम ।

(६) अन्य दातृ निकाय वा विभिन्न संघ संस्थाहरुवाट सहकारी ऋण कोषमा प्राप्त रकम ।

(७) सहकारी ऋण कोषवाट लगानी भई सावा व्याज प्राप्त रकम ।

२०७८।२।१५

(८) उपदफा (२) मा जुन सुकै विषय उल्लेख भए पनि गरिवि निवारण कोष मार्फत हस्तान्तरण भएको रकम सोहि कोष मार्फत गठन भएको सामुदायिक संस्थाका सदस्यहरु मार्फत वनेको सहकारी संस्थाहरुलाई मात्र लगानी गरिनेछ ।

(९) सहकारी संस्थाहरुवाट सहकारी ऋणकोषवाट ऋण रकम माग नभएमा गाउ सभाको निर्णय वमोजिम नियम अनुसार अन्य शिर्षकमा रकमान्तर गरि खर्च गर्न वाधा पर्ने छैन ।

(१०) उपदफा (१) देखि (७) सम्मको जम्मा भएका रकमहरु सहकारी ऋण कोषको नामवाट गाउँपालिकाको आर्थिक कारोवार गर्ने वैंकमा जम्मा हुनेछ ।

(११) उपदफा (१०) वमोजिमको कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट संचालन हुनेछ ।

(१२) सहकारी ऋणकोष रकम लगानी तथा असुली सम्वन्धीको लेखापरिक्षण अनिवार्य गराउनु पर्नेछ ।

## परिच्छेद-४

## सहकारी ऋण कोषको परिचालन

**<u>६. सुचना प्रकाशन :</u>** कोषको रकम एकिन गरी सहकारी शाखावाट गाउँकार्यपालिकाको निर्णय वमोजिम ऋण माग सम्वन्धी ७ दिनको **अनुसुचि -१** वमोजिमको सुचना वडा कार्यालय र गाउँ पालिकाको कार्यालयको सुचना पार्टी र गाउँपालिकाको वेभ साइटमा प्रकाशन गर्नु पर्नेछ ।

**७. ऋण रकम माग :** सहकारी संस्थाहरुको संचालक समितिको वैठक वसी निर्णय सहित म्यादभित्र **अनुसूचि -२** वमोजिमको आवेदन साथ ऋण रकमको माग गर्नु पर्ने छ।

**८. माग आवेदनको छानविन तथा सिफारिस :** ऋण माग फारमलाई दफा ९ वमोजिमको सिफारिस समितिले प्रारम्भिक जाँच सुचिको आधारमा छानविन गरि न्यूनतम आधारहरु पुरा गरेको माग आवेदनलाई ऋण रकम स्वीकृति समिति समक्ष पेश गर्नेछ । प्रारम्भिक जाँच सुचि **अनुसचि-४** वमोजिम हुनेछ ।

**९. सिफारिस समिति :** (१)माग भएको आवेदन उपर **अनुसचि-५** वमोजिम ऋण रकम स्वीकृति समिति समक्ष छनौट भएको प्रस्तावहरु सिफारिस गर्न देहाय वमोजिमको सिफारिस समिति रहनेछ ।

(क) संयोजक: सहकारी शाखा प्रमुख

(ख) सदस्य : प्रशासन शाखा प्रमुख

(ग) सदस्य : शिक्षा शाखा प्रमुख

(घ) सदस्य : कृषि शाखा प्रमुख

(ङ) सदस्य सचिव : संयोजकले तोके वमोजिम योजना शाखाको सहायक स्तरको कर्मचारी

(२) उपदफा (१) वमोजिम छनौट भएको प्रस्तावहरु सिफारिस समितिले ऋण रकम स्वीकृति समिति समक्ष आवेदन पेश भएको ७ दिन भित्र सिफारिस गरि सक्नु पर्नेछ ।

**१०. ऋण रकम स्वीकृति समिति :** (१) कार्यविधिको दफा ९ वमोजिम गठित सिफारिस समितिवाट सिफारिस भएको ऋण रकम स्वीकृतिको लागि देहाय वमोजिमको ऋण रकम स्वीकृति समिति रहनेछ ।

(क) प्रमुख : गाउपालिका अध्यक्ष

(ख) सदस्य :गाउँपालिका उपाध्यक्ष

(ग) सदस्य : आर्थिक समितिको संयोजक

(घ) सदस्य : प्रमुख प्रशासकीय अधिकृत

(ङ) सदस्य : अध्यक्षद्वारा मनोनित (कम्तिमा १ महिला सहित) सहकारी संस्थाको अध्यक्षहरु मध्ये २ जना ।

(च) सदस्य सचिव : सहकारी शाखा प्रमुख

(२) दफा ९ को उपदफा (२) वमोजिम पेश भएको सिफारिसको <u>अनुसुचि-६</u> को आधारमा सिफारिस भएको ७ दिनभित्र मुल्याङ्कन गरि ऋण रकम स्वीकृति गरि सक्नु पर्नेछ ।

**<u>११. ऋण रकम स्वीकृति समितिको काम कर्तव्य र अधिकार :</u>** दफा १० वमोजिम गठन भएको ऋण रकम स्वीकृति समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) कम्तीमा तीन महिनामा १ पटक वैठक वस्ने ।

(ख) सिफारिस समितिवाट सिफारिस भई आएको आवेदन उपर मुल्याङ्कनको आधार वमोजिम मुल्याङ्कन गर्ने ।

(ग) मुल्याङ्कनको आधारमा लगानी लिष्ट तयारी गर्ने ।

(घ) ऋणकोष वमोजिम रकमको सिलिङ तोक्ने ।

(ङ) सिफारिस समितिवाट सिफारिस भए वमोजमको माग आवेदन अनुसारको माग आवेदनहरुलाई न्यायोचित हुने गरी ऋण उपलव्ध गराउने ।

(च) दफा ११ को (ख) मा जुन सुकै कुरा लेखिएको भएता पनि ऋण स्वीकृति समितिले माग भएको रकम भन्दा वढी नहुने गरि रकम हेरफेर गर्न सक्नुका साथै वेइटिङ लिष्टमा माग फारमहरुलाई राख्न सक्नेछ ।

(छ) प्रत्येक तीन महिनामा गाउँ कार्यापालिकामा सहकारी ऋण कोष लगानी तथा असुली सम्वन्धीको प्रतिवेदन पेश गर्ने ।

**<u>१२ अनुगमन तथा सुपरिवेक्षण समिति :</u>** (१) सहकारी ऋण कोष लगानी पश्चात उद्धेश्य अनुरुप प्रयोग भए नभएको विषयमा गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गर्नेछ ।

(२) आवश्यक्ता भएमा गाउँ कार्यपालिकाको सहकारी ऋण कोष लगानी तथा असुली र उद्धेश्य अनुरुप लगानी भए नभएको अनुगमन गर्न छुट्टै अनुगमन समिति गठन गर्न सक्नेछ ।

(३) अनुगमनको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## लगानी सम्झौता

**<u>१३ सम्झौता :</u>** (१)दफा ११ को (ङ) र (च) वमोजिम <u>अनुसूचि-७</u> अनुसार गाउँपालिकाको कार्यालयले सम्झौता गर्नेछ ।

(२) सम्झौताको समय अवधी १ वर्षको हुनेछ ।

(३) ऋण लगानी गर्दा व्याज वार्षिक ५ प्रतिशतको दर भन्दा घटी वा वढी गर्न पाइने छैन ।

(४) व्याज र सावा भन्दा कुनै किसिमको सेवा कर लिन पाइने छैन ।

(५)सहकारी संस्थाले आफ्नो सदस्यहरुलाई लगानी गर्दा सहकारी ऋणकोषवाट लिएको व्याजदरमा ६ प्रतिशत भन्दा वढी लिन पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद -६

## ऋण असुली सम्बन्धी व्यवस्था

**१६. ऋण असुली :** (१) सहकारी संस्थाले आमचोक सहकारी ऋण कोष संचालन कार्यविधिसंग नबाझिने गरी आवश्यकता अनुसार छुट्टै ऋण लगानी तथा असुली सम्बन्धी आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि साधारण सभाबाट स्वीकृत भए पछि लागू हुनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि आमचोक सहकारी ऋण कोष संचालन कार्यविधि २०७७ सँग बाझिएको हदसम्म स्वत अमान्य हुने छ ।

(४) उपदफा (३) अनुसार कार्यविधि बाझिएमा आमचोक सहकारी ऋण कोष संचालन कार्यविधि २०७७ बमोजिम नै ऋण लगानी तथा असुलीको व्यवस्था गर्नु पर्नेछ ।

(५) ऋण रकमको साँवा र ब्याज एकमुष्ठ कोषमा जम्मा गरेको भौचर प्राप्त भएपछि **अनुसूचि- ८** मा उल्लेख भए बमोजिमको ऋण रकम फर्छ्यौट प्रमाणपत्र गाउँपालिकाको कार्यालयबाट उपलब्ध गराउनु पर्नेछ ।

(६) एक पटक ऋण कोषबाट ऋण लिइसकेका सहकारी संस्थाहरुले पुन ऋण लिन चाहेमा अनिवार्य ऋण रकम फर्छ्यौट प्रमाणपत्रको प्रतिलिपि आवेदन साथ अनिवार्य राख्नु पर्नेछ ।

(७) सम्झौता बमोजिम समयमा नै ऋणको साँवा ब्याज चुक्ता नगरेमा म्याद समाप्त भएको मितिदेखि दोब्बर ब्याज असुल गरिनेछ ।

(८) महाविपतको कारण उद्देश्य अनुरुपको व्यवसाय टाट पल्टेमा ऋण स्वीकृति समितिको सिफारिस बमोजिम कार्यपालिकाको निर्णय बमोजिम हुनेछ । तर कार्यपालिकाले निर्णय गर्दा साँवा रकम मिनाहा सम्बन्धी निर्णय गर्न पाउने छैन ।

(९) अन्य कारणले ऋण असुल नभएमा प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-७

## विविध

**१७. कार्यविधिको व्याख्या :** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**१८. कार्यविधि संशोधन :** यो कार्यविधिको प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१९. बाधा अड्काउ फुकाउ :** आमचोक गाउँपालिकाको सहकारी ऐन २०७४ र यो कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँ कार्यपालिकाले गर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# अनुसुचि-१

(दफा -६ संग सम्वन्धीत)

## सहकारी ऋण कोषवाट प्राप्त गर्ने गरि ऋण रकम माग सम्वन्धी सुचना

प्रकाशित मिति :

सामाजिक न्यायको आधारमा श्रम मैत्री, आत्मनिर्भर,तीव्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउँदै समाजवाद उन्मुख अर्थतन्त्र तर्फ अग्रसर हुनको लागि ऋण परिचालनको माध्यमवाट सहकारी संस्थाहरुलाई सुलभ व्याजदरमा ऋण लगानी कार्यलाई व्यवस्थित गर्न आमचोक गाउँपालिकाको "सहकारी ऐन २०७४ को दफा १०१" वमोजिम दर्ता भइ सहकारी ऋणकोष संचालन कार्यविधि -२०७७" वमोजिम ऋण लिन ईच्छुक भएका सहकारी संस्थाहरुलाई यो सुचना प्रकाशन भएको ७ दिन भित्र तपशिल अनुसारको आवश्यक कागजात सहित कार्यविधिको अनुसुचि-२ वमोजिम आवेदन पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१ संस्था दर्ताको प्रमाण पत्र

२ यस आर्थिक वर्षको साधारण सभाको माइन्युटको फोटोकपि

३ लेखापरिक्षण प्रतिवेदन

४ कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

५ पान नं.को प्रतिलिपि

६ दोश्रो पटक ऋण लिनेको लागि :ऋण फर्छौट प्रमाणपत्र ।

७ लेखा समितिको वार्षिक प्रतिवेदन

८ कार्यविधिको अनुसुचि-२ वमोजिम आवेदन

२०७८।८।१५

अनुसुचि -२
(दफा -७ संग सम्वन्धीत)

**ऋण रकम माग फारम**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बालंखा,भोजपुर ।

विषय :**सहकारी ऋण कोषवाट ऋण रकम उपलब्ध गराई पाउँ**

महोदय
उपरोक्त विषयमा आमचोक गाउँपालिकाको मिति :......... मा सहकारी ऋणकोष सम्वन्धी प्रकाशित सूचना वमोजिम यस गाउँपालिकामा कृयाशिल.............................................................................................................. सहकारी संस्था लि,..............................लाई तपशिल वमोजिम कागजातको आधारमा उद्धेश्य अनुरुप लगानीको लागि सहकारी ऋण कोष वाट ऋण रकम उपलब्ध गराई दिन हुन अनुरोध छ ।

**तपशिल**

१ सहकारी दर्ता नं. सहकारी विभागमा...............................गाउँपालिकामा.........................
२ सहकारीको कार्यक्षेत्र :...,................
३ यस आ.व.को साधारण सभा संचालन मिति :...............................................................
४ यस अगाडी सहकारी ऋण कोषवाट लिएको ऋण रकम............................ चुक्ता भए नभएको......................
५ शेयर सदस्य संख्या :जम्मा......................... पुरुष..................महिला.......................
६ सहकारी संस्थाको जम्मा शेयर रकम रु...................
७ हाल सहकारी संस्थाले अन्य निकायवाट लिएको ऋण रकम रु...................
८ सहकारी संस्थाले हालसम्म संचालन गरेको मुख्य ५ वटा कृयाकलाप
(क)...............................................................................लगानी वा खर्च रकम रु.........................
(ख) ..............................................................................लगानी वा खर्च रकम रु.........................
(ग) ..............................................................................लगानी वा खर्च रकम रु.........................
(घ) ..............................................................................लगानी वा खर्च रकम रु.........................
(ङ) ..............................................................................लगानी वा खर्च रकम रु.........................
९ सहकारी संस्थाको वचत रकम रु .......................
१० सहकारी संस्थाको हालसम्म लगानी भएको ऋण रकम रु ...........
११ हालको ऋणी संख्या..............
१२ यस आ.व.मा ऋण माग गर्ने संचालक समितिको वैठकको निर्णय मिति :..................................... र निर्णय नं...............
१३ माग गरिएको ऋण रकम रु
......................(अक्षेरुपी.......................................................................................................मात्र)
१४ ऋण माग गर्नुको उद्धेश्य :

**पेश भएको कागजातहरु**

१ संस्था दर्ताको प्रमाण पत्र
२ यस आर्थिक वर्षको साधारण ..भाको माइन्युटको फोटोकपि
३ लेखापरिक्षण प्रतिवेदन
४ कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
५ पान नं.को प्रतिलिपि
७ लेखा समितिको वार्षिक प्रतिवेदन
८ कार्यविधिको अनुसुचि-२ वमोजिम आवेदन

अध्यक्षको नाम........................................ | व्यवस्थापकको नाम........................................
हस्ताक्षर ...................... | हस्ताक्षर ......................
मिति...................... | मिति......................

सिल्ड

## अनुसुचि :- ३

### (दफा -४ को उपदफा (१) संग सम्वन्धीत)

### सहकारी संस्थाले सदस्यहरुलाई ऋण लगानीको क्षेत्रहरु

**क. सिप संग सम्वन्धित लगानीको क्षेत्रहरु**

१. सिलाइ कटाई,
२. ढाका वुनाइ,
३. खाडी कपडा उत्पादन,
४. व्युटी पार्लर संचालन,
५. वुटिक संचालन,
६. राडी पाखी वुनाई,
७. सेनिटरी प्याड निर्माण,
८. वाइरिङ्ग सेन्टर संचालन,
९. गाडी तथा मोटर वाइक मर्मत सेन्टर संचालन,
१०. मुढा वुनाई,
११. डालो नाङ्लो वुनाई,
१२. डोको नाम्लो वुनाई,
१३. मोवाइल मर्मत पसल संचालन,
१४. अगरवत्ति निर्माण,
१५. सावुन उत्पादन,
१६. आलु चिप्स तथा अचार उत्पादन,
१७. चाउमिन उद्योग संचालन,
१८. टपरी उद्योग संचालन,
१९. फर्निचर उद्योग संचालन,
२०. आरन निर्माण,
२१. पाउरोटी डुनट उत्पादन,
२२. सुइटर वुनाई,
२३. खुकुरी कोदालो उत्पादन,
२४. माटोको भाँडो निर्माण,
२५. चुँदार व्यवशाय संचालन,

**ख. सेवा सम्वन्धी लगानीको क्षेत्रहरु**

१. खुद्रा व्यापार
२. थोक व्यापार
३. भाँडा पसल,
४. सैलुन संचालन,
५. ढुवानी सेवा संचालन,
६. होमस्टे संचालन,
७. मनि ट्रान्सफर संचालन,
८. इलेक्ट्रोनिक्स पसल संचालन,
९. यातायात सेवा संचालन,
१०. फ्रेस हाउस संचालन,
११. सुन पसल संचालन,
१२. फेन्सी पसल संचालन,
१३. मम/ थुक्पा/ चाउमिन होटल संचालन,
१४. अन्य होटल संचालन,
१५. सुकुटी तयारी,
१६. दुग्ध डेरी संचालन,
१७. वाइन उत्पादन,
१८. रायो प्रशोधन,
१९. किनामा मस्याप्रा तयारी तथा विक्री
२०. मकै चामल र कोदो पिठो तयारी तथा विक्री,
२१. जडिवुटी संकलन,

**ग. पशु पंक्षि पालन सम्वन्धी लगानीको क्षेत्रहरु**

१. भैसी पालन,
२. गाइ पालन,
३. वाख्रा पालन,
४. वंगुर पालन,
५. कुखुरा पालन,
६. वोइलर पालन,
७. हाँस पालन,
८. मौरी पालन,
९. माछा पालन,
१०. पाहा पालन,
११. वताइ पालन,
१२. कालिज पालन,
१३. टर्की पालन,

**घ. तरकारी जन्य वाली सम्वन्धी लगानीको क्षेत्रहरु**

१. आलु खेती,
२. छेपी /जिरा/ धनीया खेती,
३. रायो उत्पादन
४. प्याज खेती,
५. लसुन खेती,
६. अदुवा खेती,
७. वन्द खेती,
८. स्कुस उत्प्रदन,
९. टमटर उत्पादन,
१०. काउली उत्पादन,
११. च्याउ खेती,
१२. अकवरे खुर्सानी खेती,
१३. तरुल उत्पादन,

**ङ. फलफुल वाली सम्वन्धी लगानीका क्षेत्रहरु**

१. कागती खेती,
२. सुन्तला खेती,
३. कि वि खेती,
४. आँप खेती,
५. लिचि खेती,
६. केरा खेती,
७. मेवा खेती,
८. काँक्रा खेती,
९. भुइ र रुख कटहर खेती,
१०. अरुवखडा खेती,
११. नास्पती खेती,
१२. उखु खेती,
१३. वदाम खेती,

**च. कृषि वाली तथा नगद्रे वाली सम्वन्धी**

१. मकै खेती,
२. धान खेती,
३. कोदो खेती,
४. फापर खेती,
५. गहुँ खेती
६. अलैंची खेती,
७. दाल खेती,
८. भटमास खेती,
९. चिया खेती,
१०. कफि खेती,
११. चिराइटो खेती,
१२. रुद्राक्ष खेती,
१३. कपास खेती,
१४. वोके टिम्बुर खेती,
१५. अम्लीसो खेती,
१६. मलखाद निर्माण तथा विक्री,
१७. वाँस उत्पादन,
१८. वेदवास उत्पादन,
१९. प्लाष्टिक पोखरी निर्माण,
२०. उन्नत घास विउ उत्पादन,
२१. नर्सरी उत्पादन,
२२. पानी संकलन केन्द्र निर्माण,
२३. डाले घाँस उत्पादन,
२४. डाले घाँस विरुवा उत्पादन,

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि -४
(दफा -८ संग सम्वन्धीत)

**प्रारम्भिक जाँच सूचि**

सहकारी संस्थको नाम र ठेगाना...................................................................................................................

| क्र.सं. | विवरण | अवस्था | | कैफियत |
|---|---|---|---|---|
| १ | सुचनाको म्यादभित्र दरखास्त आए नआएको | आएको | नआएको | |
| २ | सूचनामा तोकिएको सवै कागजात संलग्न भए नभएको | भएको | नभएको | |
| ३ | पछिल्लो साधारण सभा समयमाने भए नभएको | भएको | नभएको | |
| ४ | पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमाने भए नभएको | भएको | नभएको | |
| ५ | पछिल्लो वार्षिक लेखा परिक्षण समयमाने गराएको नगराएको | गराएको | नगराएको | |
| ६ | यस अघिको अनुदान वा ऋण सकमको सहि सदुपयोग भए नभएको | भएको | नभएको | |
| ७ | कार्यक्षेत्र भन्दा वाहिर गइ कारोवार सञ्चालन गरे नगरेको | गरेको | नगरेको | |
| ८ | लेखा समितिको वार्षिक प्रतिवेदन पेश भए नभएको | भएको | नभएको | |
| ९ | खराव कर्जा भए नभएको | भएको | नभएको | |

## अनुसुचि -५
(दफा -९ को उपदफा (१) संग सम्वन्धीत)

**प्रारम्भिक जाँच सूचिको सिफारिस**

श्री संयोजक ज्यू,
ऋण रकम स्वीकृति समिति
आमचोक गाउँ कार्यपालिकाको कार्यालय
बालंखा,भोजपुर ।

विषय : **सिफारिस सम्वन्धमा**

महोदय
उपरोक्त विषयमा आमचोक गाउँपालिकाको मिति :........ मा सहकारी ऋणकोष सम्वन्धी प्रकाशित सूचना वमोजिम यस गाउँपालिकामा कृयाशिल सहकारी संस्थाहरुको विवरण तपशिल अनुसार सिफारिस गरिएको व्यहोरा अनुरोधछ ।

| क्र.सं. | विवरण | सहकारी संस्थाको नाम र ठेगाना ................. | कैफियत |
|---|---|---|---|
| १ | सहकारी गठन मिति र दर्ता नं. | | |
| २ | सहकारीको कार्यक्षेत्र | | |
| ३ | आ.व.को साधारण सभा संचालन मिति | | |
| ४ | अगाडी सहकारी ऋण कोषवाट लिएको ऋण रकम | | |
| ५ | चुक्ता भए नभएको | | |
| ६ | संचालक समितिमा महिला प्रतिशत | | |
| ७ | जम्मा शेयर सदस्य संख्या...... पुरुष.......... महिला......... | | |
| ८ | सहकारी संस्थाको जम्मा शेयर रकम | | |
| ९ | हाल सहकारी संस्थाले अन्य निकायवाट लिएको ऋण रकम | | |
| १० | सहकारी सस्थाले हालसम्म संचालन गरेको मुख्य ५ वटा कृयाकलाप | | |
| ११ | सहकारी संस्थाको वचत रकम | | |
| १२ | सहकारी संस्थाको हालसम्म लगानी भएको ऋण रकम | | |
| १३ | हालको ऋणी संख्या | | |
| १४ | ऋण माग गर्ने संचालक समितिको वैठकको निर्णय मिति,निर्णय नं.र उपस्थित प्रतिशत | | |
| १६ | माग गरिएको ऋण रकम | | |
| १७ | आवश्यक कागजात पुरा भए नभएको | | |

(क) संयोजक: सहकारी शाखा प्रमुख..............
(ख) सदस्य : प्रशासन शाखा प्रमुख..............
(ग) सदस्य : शिक्षा शाखा प्रमुख..............
(घ) सदस्य : कृषि शाखा प्रमुख..............
(ङ) सदस्य सचिव : योजना शाखा...........

प्रमुख प्रशासकीय अधिकृत
२०७७।८।१८

## अनुसुचि -६
### (दफा -१० को उपदफा (२) संग सम्वन्धीत)
### ऋण स्वीकृत मुल्याङ्कनको आधार

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | गठन मिति | ६ वर्ष भन्दा माथि | ५ |
| | | ३ देखि ५ वर्ष | ३ |
| | | २ वर्ष सम्म | १ |
| २ | कार्यक्षेत्र | २ वा सो भन्दा वढि वडा | ५ |
| | | १ मात्र वडा | ३ |
| ३ | आ.व.को साधारण सभा संचालन मिति | समयमानै भएको | ५ |
| | | समय भन्दा पछाडी भएको | ३ |
| ४ | अगाडी सहकारी ऋण कोषवाट लिएको ऋण रकम | ५ लाख भन्दा तल | ५ |
| | | ६ लाख भन्दा माथि | ३ |
| ५ | ऋण रकम चुक्ता भए नभएको | भएको | ५ |
| | | नभएको | ० |
| ६ | संचालक समितिमा महिला प्रतिशत | १०० प्रतिशत | ५ |
| | | ५१ देखि ९९ प्रतिशत | ४ |
| | | ३४ देखि ५० प्रतिशत सम्म | ३ |
| | | ३३ प्रतिशत सम्म | २ |
| ७ | जम्मा शेयर सदस्य संख्या | ३०१ देखि माथि | ५ |
| | | १०१ देखि ३०० सम्म | ३ |
| | | १०० भन्दा कम | २ |
| ८ | महिला शेयर सदस्यको प्रतिशत | ५१ प्रतिशत भन्दा वढी | ५ |
| | | ३४ देखि ५० प्रतिशत सम्म | ३ |
| | | ३३ प्रतिशत भन्दा कम | २ |
| ९ | जम्मा शेयर रकम | ५१ लाख भन्दा माथि | ५ |
| | | २१ लाख देखि ५० लाख | ३ |
| | | २० लाख सम्म | २ |
| १० | हाल सहकारी संस्थाले अन्य निकायवाट लिएको ऋण रकम | नभएको | ५ |
| | | भएको | २ |
| ११ | हाल अन्य निकायवाट लिएको ऋण रकम | ५१ लाख माथि | ५ |
| | | ११ लाख देखि ५० लाख सम्म | ३ |

| क्र.सं. | विवरण | अवस्था | कैफियत |
|---|---|---|---|
| | | १० लाख सम्म | २ |
| १२ | हालसम्म संचालन गरेको मुख्य [illegible] वटा कृयाकलाप | ५१ लाख माथि | ५ |
| | | ११ लाख देखि ५० लाख सम्म | ३ |
| | | १० लाख सम्म | २ |
| १३ | वचत रकम | ५१ लाख माथि | ५ |
| | | ११ लाख देखि ५० लाख सम्म | ३ |
| | | १० लाख सम्म | २ |
| १४ | हालसम्म लगानी भएको ऋण रकम | ५१ लाख माथि | ५ |
| | | ११ लाख दे[illegible]ख सम्म | ३ |
| | | १० लाख सम्म | २ |
| १५ | हालको ऋणी संख्या | ३०१ देखि माथि | ५ |
| | | १०१ देखि ३०० सम्म | ३ |
| | | १०० भन्दा कम | २ |
| १६ | ऋण माग गर्ने संचालक समितिको बैठकको निर्णय गर्दा उपस्थित प्रतिशत | शत प्रतिशत उपस्थिति | ५ |
| | | बहुमत उपस्थिति | २ |
| १७ | माग गरिएको ऋण रकम | ११ लाख भन्दा माथि | ५ |
| | | १० लाख भन्दा कम | २ |
| १८ | आवश्यक कागजात पुरा भएको नभएको | भएको | ५ |
| | | नभएको | ० |
| १९ | यस सहकारी प्रतिको समितिको राय | धेरै राम्रो छ | १० |
| | | मध्यम छ | ५ |
| | | ठीके छ | २ |

## उपरोक्त वमोजिमको निर्णय

| क्र.सं. | सहकारी संस्थाको नाम र ठेगाना | प्राप्त अंक | माग भएको रकम | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| | जम्मा रकम | | | |

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि -७
### (दफा -१३ को उपदफा (१) संग सम्वन्धीत)

### सम्झौता पत्र
आमचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बालंखा,भोजपुर

र

.....................सहकारी संस्था लि....................,भोजपुर विच आमचोक गाँउपालिकावाट सहकारी ऋणकोष प्राप्ती तथा भुक्तानी सम्वन्धी द्धिपक्षिय

### सम्झौता पत्र

आमचोक गाँउपालिकावाट सहकारी ऋणकोष लगानी तथा असुली सम्वन्धी आमचोक गाउँपालिकाको कार्यालय बालंखा,भोजपुर (पहिलो पक्ष) र ........................................................सहकारी संस्था लि.............................,भोजपुर (दोश्रो पक्ष ) विच तपशिल अनुसारको शर्तनामा अनुसार सहकारी ऋणकोष लगानी तथा असुली सम्वन्धी आज मिति..................................मा यो सम्झौता पत्र १/१ प्रति लियौं दियौं ।

#### क आमचोक गाउँपालिका (पहिलो पक्ष)को जिम्मेवारी

१ वार्षिक ५ प्रतिशतको व्याज दरमा रु....................।(अक्षेरुपी रु ..............................................................) सहकारी ऋणकोषवाट सहकारीको वैंक खातामा ऋण रकम उपलव्ध गराउने ।

२ सहि तरिकाले ऋण रकम लगानी भए नभएको अनुगमन गर्ने ।

३ समय अवधीभित्र ऋण असुली गर्ने ।

४ ऋण असुली भएको फर्छौट पत्र उपलवध गराउने ।

५ सम्झौता पत्रमा उल्लेखित शर्त अनुसार समयअवधिमा ऋण असुली हुन नसकेमा सहकारी संस्थाको नविकरणलाई गाउँपालिकाले रोक्का गर्नुको साथै सरकारी वाँकी सरह कानुन अनुसार असुल गर्नको लागि आवश्यक कारवाही प्रकृया अपनाउनेछ ।

#### ख ..............सहकारी संस्था लि........... (दोश्रो पक्ष)को जिम्मेवारी

१ स्वीकृत भए वमोजिम तपशिल अनुसारको ऋण रकम सावा व्याज गरि समयमानै आमचोक गाउँपालिकाको सहकारी ऋण कोषमा जम्मा गर्ने ।

| क्र.सं. | विवरण | ईकाई( मिति/वर्ष/पटक/रु) | कैफियत |
|---|---|---|---|
| १ | ऋण रकम लिएको मिति | | |
| २ | समय अवधी | | |
| ३ | किस्ता | | |
| ४ | साँवा रकम | | |
| ५ | वार्षिक व्याज दर | | |
| ६ | जम्मा व्याज रकम | | |
| ७ | जम्मा सावा व्याज रकम | | |
| ८ | ऋण रकम भुक्तानी गर्ने मिति | | |

२ सहकारी संस्थाको उद्धेश्य अनुरुप कार्य गर्ने गरी वा शेयर सदस्यहरुमा मात्र ऋण लगानी गर्ने ।

३ समय अवधीभित्र ऋणिहरुवाट ऋण असुली गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

४ ऋण चुक्ता भइसकेपछि फर्छौट पत्र अनिवार्य लिने ।
५ ऋण लिएको रकम र लगानी रकम बिचको फरक वढीमा ६ प्रतिशत भन्दा फरक नपर्ने गरि सदस्यहरुमा लगानी गर्ने ।
६ सदस्यहरुले उद्धेश्य अनुरुप लगानी गरे नगरेको अनुगमन गर्ने ।
७ सदस्यहरुले समय अवधीमा ऋण चुक्ता गर्न नसकेमा संस्था स्वयं जिम्मेवार वन्ने ।
८ लिएको कुल ऋण रकमको वढीमा १० प्रतिशत भन्दा वढी १ सदस्यमा लगानी नगर्ने ।
९ लिएको ऋण रकम १ सदस्यलाई मात्र वारम्वार लगानी नगर्ने ।
१० संस्थाले लिएको ऋणको छुट्टै हिसाव किताव राख्नु पर्नेछ ।

**सहकारी संस्थाको तर्फवाट**

दस्तखत :............................

नाम,थर :
पद : अध्यक्ष
मिति :
संस्थाको छाप :

**गाउँपालिकाको तर्फवाट**

दस्तखत :............................

नाम,थर :
पद : प्रमुख प्रशासकीय अधिकृत
मिति :
कार्यालयको छाप :

**सहकारी संस्थाको तर्फवाट (साक्षी)**

दस्तखत :............................

नाम,थर :
पद : व्यवस्थापक

**कार्यालयको तर्फवाट (साक्षी)**

दस्तखत :..................................

नाम,थर :
पद : सहकारी शाखा प्रमुख

अनुसूचि-८
(दफा -१४ को उपदफा (५) संग सम्वन्धीत)

## ऋण चुक्ता फर्छौट पत्र

प.सं. :-

मिति :-

च.नं. :-

**सहकारी ऋणकोष फर्छौट सम्वन्धमा**

श्री ........सहकारी संस्था लि,..............
भोजपुर ।

उपरोक्त सम्वन्धमा आमचोक गाउँपालिकाको सहकारी ऋणकोषवाट तपशिल वमोजिम लिएको ऋण रकम समयमानै फर्छौट गर्नु भएकोले यो फर्छौट पत्र उपलव्ध गराइएको छ ।

| क्र.सं. | विवरण | ईकाई | फर्छौटको समय र रकम |
|---|---|---|---|
| १ | ऋण रकम लिएको मिति | | |
| २ | समय अवधी | | |
| ३ | किस्ता | | |
| ४ | साँवा रकम | | |
| ५ | वार्षिक व्याज दर | | |
| ६ | जम्मा व्याज रकम | | |
| ७ | जम्मा सावा व्याज रकम | | |
| ८ | ऋण रकम भुक्तानी गर्ने मिति | | |

सम्झौता वमोजिम समयमानै फर्छौट गर्नु भएकोमा धन्यवाद सहित पुन यस गाउँपालिकाको सहकारी ऋणकोष माग गर्न सक्नु हुनेछ ।

.............................
प्रमुख प्रशासकीय अधिकृत

२०७८/२/१५
प्रमुख प्रशासकीय अधिकृत